छोरी माग्न जादा
(A Marriage Proposal)

आन्तोन चेखबको नाटक “दी म्यारिज प्रपोजल”

नेपाली अनुवाद/ नाट्य रुपान्तरण : आरति गौतम, मिलन खड्का, सुमित्रा बोगटि

(२०२४)

(कुमार प्रतापको घर । कुमार प्रताप सिंह स्वथानी पाठ पढ्दै)
कुमार प्रताप सिंह: .... इति श्री स्कन्द पुराणे , पुरण खराड़े , माघ महत्मय , कुमार अगथ्य सम्बदे , श्री स्वस्थानी वर्त कथा शिव पर्वति विवाह, बिशमो अध्धाय।
अमन जंग : (ढोका बाट आवाज आउछ।) कुमार बा! ए कुमार बा !
कुमार प्रताप सिंह: कोहो ? ढोका खुल्लै छ भित्र आउदा हुन्छ ।
अमन जंग : नमस्कार! कुमार बा, आरामै हुनुहुन्छ ?
कुमार प्रताप : नमस्ते! नमस्ते! हैन आज काँ बाट घाम झुल्कियो! अमन जंग! तिमी! बडो अचम्म पो भयो त ! के छ हालखबर ?
अमन जंग : सब ठिक छ, तपाईको चै के छ खबर ?
कुमार प्रताप सिंह : यस्तै छ हो बुढेसकालमा के हुनु र ! मुडा तानेर बस। बेला बेला आउने गर। अनि यस्तो कोट पाईटमा ठाटिएर कस्को जन्त जान लगेउ ?
अमन जंग : जन्तमा होइन कुमार बा, खासमा तपाईलाई नै भेट्न आएको हो।
कुमार प्रताप सिंह: हैन मलाई भेट्नु पनि किन यस्तो ठाटिएर आउनु पर्यो ? ह? के हो कुरो ?
अमन जंग: अ सुन्नु न कुमार बा, खासमा कुरो के हो भने नि .... खासमा तपाईलाई सानो दुख दिउकी भनेर आको। अब...तपाईको सहयोग माग्न आएको पहिलो पटक त होईन, तपाईले....खै कसरी पो भनुम, ममम.... एक गिलास पानी खान्छु है पैला कुमार बा।
कुमार प्रताप सिंह: (दर्शक तिर)। कतै पैसा माग्न त आएको हैन ! मागे पनि म दिने वाला छैन! (अमन जंग लाई हेर्दै) ए म सँग किन अफ्ठेरो मान्छौ ढुक्क भएर भन अमन जंग।
अमन जंग: खासमा कुरो के हो भने नि —कुमार बा, ... कुमार बा छ नि...मेरो मतलब...कसरी पो सुरु गरुम...
तपाईलाई कस्तो लाग्ने हो फेरी , मैले यसरी आएर कुरा गर्दा हुने हो कि नहुने हो !
कुमार प्रताप सिंह: किन भूमिका बान्नु पर्यो , सिधा मुख्य कुरा मा आउन
अमन जंग: भैहाल्छ नि..ल सुन्नुस है त। म— तपाईंको छोरी, कोहिनुरको हात माग्न आएको हु ।
कुमार प्रताप सिंह: (आश्चर्य मान्दै) के रे! अमन जंग! फेरी एक पटक भन त !

अमन जंग : म– तपाईंको छोरीको हात मा....
कुमार प्रताप सिंह: (कुरा काट्दै)। ओ हो कस्तो खुशीको कुरा! बाबु, तिमीले त मेरो मनकै कुरा भनेउ, मैले पहिले देखि नै यही चाहिरहेको थिए। बाबु तपाई त मलाई आफ्नै जस्तो लाग्थ्यो । हे दैब मेरो पुकार सुन्यौ तिमीले। अब ढुक्कसँगले मर्न पाउने भए। म पनि कस्तो मूर्ख, बस्दै गर्नुस है, म कोहिनुरलाई बोलाउछु–
अमन जंग: सुन्नुस न कुमार बा ! तपाईंलाई के लाग्छ? के कोहिनुरले मसँग बिहे गर्न मान्लिन त?
कुमार प्रताप सिंह: अचम्म! तपाई जस्तो राम्रो केटालाई कसले नाई भन्ला। बस्दै गर्नुस है ! (कुमार प्रताप बाहिर जानछ)
अमन जंग: आच्छु.....हातहरु पनि कतिविधि कठ्याग्रिएका । मुटु काम्ने चिसो । शरीर यसरि काप्दै छ, म मेरा मनका कुराहरु कोहिनुरसँग कसरी राखुं ? (यो गोजीको रातो गुलाव लिएर) कसरी भनुं । प्रिय हामी विवाह गरेर संगै जीवन बाँचौ संगै मरु । नटालिया आउने वित्तिकै भन्छु म तिमीलाई रानी बनाएर राख्नेछु , सुनै सुनले सिंगार्ने छु / तर कसरी ? मन हड्बडाएर अर्थोकै भन्यो भने ? धेरै सोचें भनें ? पवित्र प्रेम र आदर्श budi खोजे भने बाँचुन्जेल मेरो बिहे हुनेछैन । आच्छु कस्तो मुटु छुने चिसो ? कोहिनुर एकदमै असल गृहिणी हुन्। जाँगरिली छिन् । मलाई मुटु दुखेको बेला पानी तताईदिने र यो जाडोमा । हा हा हा... अब मैले धेरै सोच्नु हुन्न कोहिनुर ५ कक्षा पढेकी पनि छिन् । मेरा लागि सुहाउँदिली छिन् मैले ढिलो गर्नुहुन्न। पहिलो कुरो त म पैतिस वर्ष पुगिसकें । मानिसहरु भन्छन्, ढल्किनै लागेको जोखिमपूर्ण उमेर हो यो । दोस्रो मैले स्थिर र नियमित जीवन सुरु नगरी हुँदैन। एक त मुटुको बेथा छ ।यो कन्चट बेस्सरी झड्किरहन्छ । डरलाग्दो प्रेसरको रोगी छ। मन थिरमा बस्दैन । न सुत्ने वेलामा निन्द्रा नै पर्छ ? जब ओच्छ्यानमा पल्टेर निदाउन खोज्छु, केले केल बायाँ कोखामा घोच्न थाल्छ । अनि म पागल झैं बौलाउन थाल्छु, उफिन्छ । फेरी पल्टिन्छु तर पल्टेको भागमा दुखिरहन्छ । उफ.... मलाई कम्तिमा पनि हरेक रात २० पल्ट दुखेको
दुख्यै गर्छ । शरीरको एक पाखो झाम्झाईरहन्छ /
(कोहिनुर सिंहको प्रवेश हुन्छ।)
कोहिनुर:- ओहो! तपाई पो हुनुहुदो रहेछ । बुबाले त पुरानो घर किन्ने व्यापारी आएका छन्, भन्दै हुनुन्थ्यो। नमस्कार! आराम हुनुहुन्छ?, अमन जंग जी!
अमन जंग: नमस्कार नमस्कार, अ आरामै छु कोहिनुर, तिम्रो चै के छ खबर, के गर्दै थिएउ?
कोहिनुर:- खेत बारीमा अलि अलि काम थियो सकेर आउदै हो, कपडा भरि कुरो लागे रैच। आजकल कता हुनुन्छ ? तपाई यता नआउनु भएको पनि लामो समय भयो । बस्नुहोस् न्! (तिनीहरू दुवै जना बस्छन्।) चिया बनाम, खानु हुन्छ?
अमन जंग: होईन होईन, दुख नगर्नुस, मैले भर्खरै खाएर आको हो।
कोहिनुर:- चुरोट पिउनु हुन्छ कि? सलाई त्यही छ है। आज झललल घाम लागेको छ। हिजो यति ठुलो पानी पर्यो खेतालाहरूले केही काम गर्न पाएनन्। आज मैले परालका मुठा कति पारे ? यसो सोच्दा, म त आत्तिएर पुरै खेतै काटेर सकिदिएछु। अब पछुताएर के गर्नु। म धेरै चिन्तित थिएँ, किनकि मलाई पराल कुहिएला कि भन्ने

डर थियो । म पनि के के बोल्छु बोल्छु पत्तो हुदैन ! ऐ हे। ... आमै! तपाईं त चिरिच्याट्ट परेर आउनु भएछ त । कति राम्रो दौरा सुरुवाल ! तपाई साँच्चै राम्रो देखिनु भा'छ । यति राम्रो भएर कता जाने सुर हो तपाईंको?
अमन जंग: (उत्तेजित भएर)। खासमा भन्नु पर्दा नि कोहिनुर .... — के हो भने नि । ... मेरो कुरा ध्यान दिएर सुन हैत! — अवश्य पनि यो कुरा तिम्लाई अचम्म लाग्न सक्छ, र रिस पनि उठ्नसक्ला, तर!— (दर्शकतिर) कति चिसो हो ।!
कोहिनुर:- के हो त्यस्तो? (केही बेर रोकिदै।) भन्नुस न!
अमन जंग: ल! सुन हैत - खासमा कोहिनुर, तिमिलाई थाहा छदै छ, मैले बाल्यकालदेखि नै तिम्रो परिवारलाई चिन्दै आएको छु। तिमिलाई थाहा छ मेरो काका-काकी, जसको सम्पत्ति मैले विरासतमा पाएँ, उहाँहरुले पनि सधैं तिम्रो बुबा र स्वर्गीय आमाप्रति आदरभाव राख्नुहुन्थ्यो । वास्तवमा हाम्रो परिवारबिच बर्षौ देखि सुमधुर सम्बन्ध छ । यसो भनौं कि नङ र मासु जस्तो सम्बन्ध छ । यसबाहेक मेरो सम्पत्ति, तिमिलाई थाहै छ, तिम्रो खेतसँग जोडिएको छ। त्यो मन्दिर पारिको तिम्रो सल्लाघरी संग मेरो घाँसे मैदानको सिमाना जोडिएको छ ।
कोहिनुर:- एकछिन ! के भन्नु भयो तपाईंले "मेरो घाँसे मैदान?" - तर के त्यो तपाईंको हो?
अमन जंग : अवश्य, त्यो घाँसे मैदान मेरै त हो नि !
कोहिनुर:- नचहिने कुरा ! घाँसे मैदान हाम्रो हो - तपाईंको होइन !
अमन जंग : त्यो मेरो हो नि कोहिनुर।
कोहिनुर:- तपाईंको कसरी भयो? कसरी तपाईंसँग सम्बन्धित छ त्यो?
अमन जंग: तिमीले के भन्न खोजेको? मैले घाँसे मैदानको कुरा गरेको हो जुन तिम्रो सल्लाघारी र मेरो खेतको बिचमा छ।
कोहिनुर:- हो, ठ्याक्कै। त्यो हाम्रो हो।
अमन जंग : तिमी भ्रममा छौ कोहिनुर, त्यो घाँसे मैदान मेरो हो।
कोहिनुर:- सम्झनु त ठ्याक्कै? हैन! कहिले देखी तपाईंको भयो त्यो?
अमन जंग : मैले थाहा पाएदेखि हाम्रै हो नि।
कोहिनुर:- तर त्यो साँचो होइन!
अमन जंग : हेर कोहिनुर, म भन्दा पनि कागजातहरु आफैं बोल्छ । त्यो घाँसे मैदानको विषयमा पहिला पनि एकपटक झगडा भएको थियो, त्यतिवेला तिमी घाँगर लगाएर अगाडी चौरमा माटो खेल्थ्यौं । अहिले सबैलाई थाहा छ त्यो घाँसे मैदान मेरो हो, बेकारमा किन तर्क बेतर्क गर्नु ? यदि व्याख्या गर्न दिन्छौ भने मेरो काकीको हजुरआमाले त्यो जमिनमा लगाएको बाली बाँदरहरुले सखाप पार्ने भएकाले तिम्रा बाजेका कामदारहरुलाई राम्रो काम गरे वापत निशुल्क दिनुभएको थियो । तिम्रो बाजेको कामदारहरुले ४० वर्षसम्म निशुल्क उपभोग गरेका थिए । त्यसपछि जव आधिकारीक रुपमा जग्गा दर्ता गरे पछि त्यो जग्गा हाम्रो भएको थियो। र अर्को कुरा याद गर तिम्रो र हाम्रो परिवारको काम गर्ने कामदारहरु एउटै हुन् ।
कोहिनुर: तपाईको कुरा सरासर गलत हो। मेरा हजुरबा र जिजुवाले पर मन्दिरसम्मनै हाम्रो जग्गा पुग्छ भन्ने गर्नु हुन्थ्यो। त्यसो भएपछि घाँसे मैदान हाम्रो भइहाल्यो। यसको

बारेमा बेकारमा के कुरा गर्नु.... मलाई त झनक्क रिस पो उठ्यो त!
अमन जंग : म तिमीलाई सबै कागजातहरू देखाउन सक्छु, कोहिनुर।
कोहिनुरः- होइन, या त तपाईं ठट्टा गर्दै हुनुहुन्छ या त मसंग बहस गर्न चाहनुहुन्छ । हामीले त्यो सम्पत्ति उपभोग गर्न थालेको लगभग सय वर्ष भयो।, र अहिले आएर एकैचोटि यो हाम्रो होइन भनेर सुन्दैछु । के सुन्दै छ मेरो कानले!,जहाँसम्म मलाई थाह छ, घाँसे मैदान धेरै मूल्यवान पनि छैन्। जम्मा १० घुर त हो, तर यो अन्याय हो है। जे सुकै भन्नुस्, म अन्याय भने सहन सक्दिन।
अमन जंग : मलाई सुन न, विन्ति। मैले अघि नै भने नि तिमीलाई, तिम्रा बाजेका कामदारहरु मेरी काकीको हजुरआमाकोमा काम गर्थे र मेरी काकीको हजुरआमाले उनिहरुलाई राम्रो काम गरे वापत निशुल्क दिनुभएको —
कोहिनुरः- हजुरबुबा! हजुरआमा! काकी! मलाई तिनीहरूको बारे केही थाहा छैन। मलाई यति मात्र थाहा छ कि घाँसे मैदान हाम्रो हो, ... कुरा सक्कियो।
अमन जंग : होइन, त्यो मेरो हो।
कोहिनुरः - त्यो हाम्रो हो, यदि तपाईंले दुई दिन सम्म ५ वोटा कोट लाएर बाँझिरहनुभयो भने पनि घाँसे मैदान हाम्रो हो, हाम्रो हो, हाम्रो हो! मलाई तपाईंको सम्पत्ति किन चाहियो ? तर हाम्रो स्वामित्वमा रहेको कुरालाई म त्याग्न सक्दिन्।
अमन जंग : कोहिनुर, खासमा त्यो घासे मैदान मलाई चाहिदैन, सिद्धान्त भन्ने पनि त कुरा हुन्छ । यदि तिमीलाई चाहिन्छ भने त्यो मैदान तिमीलाई मेरो तर्फबाट उपहार भयो ल!
कोहिनुरः ओहो,,! मेरो सम्पति मैलाई उपहार दिने? बाँच्न मात्र पर्छ के-के सुन्न पर्दो रैछ। बरु मै दिन सक्छु नि तपाईलाई त्यो जमिन। अहिले सम्म त हामीले तपाईंलाई असल छिमेकि भन्ठानेको थियौ; पोहोर साल आफ्नो बाली नकाटी नकाटी तपाईको खेतमा खेताला पठाई दियौ। अहिले भने तपाई हामीलाई चोर जस्तो ब्यवहार गर्नु हुन्छ ! मेरै जमिन मलाई नै दिन्छु भन्नु हुन्छ। हेर्नुस छिमेकीले एक अर्कालाई यस्तो व्यवहार गर्दैनन्। मेरो बिचारमा तपाई एकदामी तुच्छ नियत —
अमन जंग : तिमीले मलाई मिचाहा भनेको? हेर कोहिनुर मैले कोहि कसैको सम्पत्ति लुटेको छैन र मलाई विनासित्ति आरोप लगाएको मन पर्दैन। त्यो घासे मैदान मेरो हो। (टेवलको पानी पिउछ)
कोहिनुरः यो सरासर गतल हो। घाँसे मैदान मेरो हो।
अमन जंग : त्यो मेरो हो!
कोहिनुरः ए! त्यसो त ? म तपाईलाई यो प्रमाणित गर्दिन्छु ! आजै म मेरा खेतालाहरु त्यहाँ पठाउँछु; काँडे-तार लगाउनलाई।
अमन जंग : के– रे?
कोहिनुरः मेरा खेतालाहरुलाई आज त्यहीँ देख्नुहुनेछ।
अमन जंग : पठाएर त हेर, तिनिहरुको पाता फर्काउन सकिन भने मेरो नाउ अमन जंग ठकुरी होईन!
कोहिनुरः हेरउला ! हिम्मत भए आउनु।
अमन जंग :(चिच्याउदै) घाँसे मैदान मेरो हो, बुझ्यौ? मेरो!

कोहिनुर: साँच्चै, तपाईंले यसरी चिच्याउनु पर्दैन! यदि तपाईं चिच्याउन, कराउन र रिसाउन चाहनुहुन्छ भने तपाईं यो आफ्नो घरमा गएर गर्न सक्नुहुन्छ, तर यहाँ कृपया आफूलाई शिष्टताको सीमामा राख्नुहोस्।
अमन जंग : हेर कोहिनुर, यदि मलाई यो मुटुको ब्यथा नभएको भए र मलाई कन्चटमा फुट्ला जसरी शोला नहानेको भए तिमीसँग कसरी कुरा गर्नु पर्छ भन्ने मलाई राम्रोसँग थाहा थियो। घाँसको मैदान मेरो हो, बुझ्यौ? (चर्को स्वरमा)
कोहिनुर: हाम्रो हो!
अमन जंग : मेरो हो।
(कुमार प्रताप सिंह को प्रवेश)
कुमार प्रताप सिंह: । यहाँ के भइरहेको छ? अमन जंग किन चिच्याइरहेको ?
कोहिनुर: बुबा, तपाई भनिदिनुस त् त्यो घाँसे मैदान कसको हो, हाम्रो कि उहाँको ?
कुमार प्रताप सिंह: बाबु त्यो मैदान हाम्रो हो।
अमन जंग : हे, भगवती देवी! कसरी त्यस्तो हुन सक्छ । कमसेकम तपाईंले त समझदारीको कुरा गर्नु। मेरो काकीको हजुरआमाले त्यो जग्गा तपाइको हजूरबाको कामदारहरुलाइ अस्थाइरुपमा प्रयोग गर्न दिनुभएको थियो, तर तपाईको हजूरबाको कामदारहरु ४० बर्ष सितैमा बसे । पछी जग्गा मिलाउदा ....
कुमार प्रताप सिंह: ए ए ए ... मलाई भन्नु देउ - तिमीलाई थाहा छैन होला तिम्रो हजुरआमाले खेतालाहरु लाई ज्याला दिईनन अनि त्यो जग्गामा मुद्दा परेको थियो र सबैलाई थाहा छ त्यो घाँसे मैदान हाम्रो हो भनेर। तिमीले नक्सा हेरेको छैनौ होला।
अमन जंग : म तपाईलाई प्रमाणित गरेर देखाउछु कि त्यो मेरो हो !
कुमार प्रताप सिंह: यो प्रमाणित गर्ने प्रयास नगर्नुस्, अमन जंग बाबु।
अमन जंग : (चिच्याएर) म प्रमाणित गर्छु।
कुमार प्रताप सिंह: अमन जंग बाबु चिच्याएर केही प्रमाणित हुदैन, थाहा छ। मैले तिम्रो सम्पति केहि मागेको छैन र मलाई आफ्नै केहि दिनु पनि छैन । मैले किन दिने ? हेर्नुस् बाबु, यदी तपाई साँच्चै घाँसे मैदान दावी गर्न आउनु भएको हो भने, म तपाईंलाई भन्दा बरु त्यो मैदान म किसानहरूलाई दिन्छु नि ।
अमन जंग : अचम्म छ बा! अरुको सम्पत्ति बाढ्ने अधिकार तपाईंलाई कसले दियो?
कुमार प्रताप सिंह: ए होर अब मैले मेरो आफ्नै जमिनको बारेमा निर्णय गर्न तपाईंबाट अनुमति लिनुपर्छ! हेर्नुस् बाबु मलाई यसरी होचाएर बोलेको मनपर्दैन। म उमेरमा पनि तपाइँको उमेर भन्दा दोब्बर उमेरको मान्छे, र म तपाइँलाई सभ्य भएर सम्बोधन गर्न अनुरोध गर्दछु।
अमन जंग : होईन म मूर्ख जस्तो लाग्यो तपाईलाई ! मेरो मजाक ऊडाउन खोज्नु भएको? मेरो सम्पत्ति हड्प्न खोज्ने अनि चुप लागोस भनेर सोच्ने। असल छिमेकीले गर्ने व्यवहार यहिं हो कुमार बा ? तपाईं त डाँका हुनुहुदोरहेछ।
कुमार प्रताप सिंह: के .... ? के भन्यो यसले ?
कोहिनुर:- बुबा, आजै मान्छे पठाएर काँडे-तार लगाइदिउ घाँसे मैदानमा।
कुमार प्रताप सिंह: (अमन जंग तिर) के भन्नुभयो बाबु ?
कोहिनुर:- घाँसे मैदान हाम्रो हो, हाम्रो हो, हाम्रो हो र ... हाम्रो हो।

अमन जंग : हेरौला म पनि ! म अदालतमा प्रमाणित गर्नेछु कि त्यो मेरो हो।
कुमार प्रताप सिंह: अदालत! तपाई अदालतमा मुद्दा हाल्नुस या जे गर्नुस !.... ओहो बल्ल बुझ्जा दै छु, तिमी यहाँ अदालतमा जाने बहाना खोजिरहेका थिएउ! यो सब तिम्रो षड्यन्त्र हो, षड्यन्त्रकारी! तिम्रो पूरै परिवार नै सधैँ झगडाको बिउ थिए। सबै जना !
अमन जंग : कृपया मेरो परिवारको अपमान नगर्नुहोस्। कुमार बा, हाम्रो परिवारको कोहि पनि सदस्य तपाईको काका जस्तो जेल त परेको छैन, बुझ्नुभो।
कुमार प्रताप सिंह: तिमीहरुको सम्पूर्ण परिवारनै पागल थिए !
कोहिनुर: हो! हो ! सबका सब पागलनै हुन्।
कुमार प्रताप सिंह: तिम्रो हजुरआमा जडियाहा थिइन र कान्छी काकी फूलकुमारी ड्राइबर सँग पोइला गइ ।
अमन जंग : अनि तपाईकी आमा नि? कुजिएकी थिईन। (उसले आफ्नो मुटुमा हात राख्छ।) आ.... मुटु दुख्यो। टाउको कस्तो चड्केको ? हे भगवती देवी ! पानी... पानी।
कुमार प्रताप सिंह: अनि तिम्रो प्यारो बुबा जुवा खेल्ने र हन्तकाली जसरी हसुर थिए !
कोहिनुर:- र तिम्री काकी एक नं कि कुरौटी हुन्।
अमन जंग : मेरो दुवै खुट्टा दुख्न थाले — तपाई फटाहा हो। अनि तपाईले धाधली गरेर चुनाव जितेको भन्ने सबैलाई थाहा छ।आ...मेरो मुटु! कस्तो धमिलो देखिएको। मेरो टोपी खै ?
कोहिनुर:- ओहो, कति कमजोर! झूटा ! घिनलाग्दो !
अमन जंग: मेरो टोपी कहाँ छ –? मेरो मुटु—- म कता जाऊँ? खै ढोका कता छ? म त मर्छु कि कया हो! म अब ऊभिन पनि सक्दिन। (ढोका तिर जान्छ)
कुमार प्रताप सिंह: (उहाँलाई पछ्याउँदै)। मेरो दैलोमा कहिल्यै नाडाक्नु !
कोहिनुर:- लैजानुस्न मुद्दा अदालतमा! हामी पनि हातमा दहि जमाएर बस्दैनौ।
(अमन जंग बाहिर निस्कन्छ, बीचमा।)
कुमार प्रताप सिंह : (रिसाउदै)। सैतान!
कोहिनुर:- बकम्फुसे ! लाज पचेको मान्छे! असल छिमेकी भएको धाक लगाउँछ अझ।
कुमार प्रताप सिंह: लोफर! राक्षस! पिचास !
कोहिनुर:- अर्कोको सम्पत्ति हडप्ने ठग! कस्तो लुटाहा प्रवृत्ति भएको रहेछ। अझ हामी सँग बहस गर्ने हिम्मत गर्छ!
कुमार प्रताप सिंह: अनि यो मूर्खले बिहेको प्रस्ताव राख्ने हिम्मत गर्ने !
कोहिनुर: के,,? बिहेको प्रस्ताव पो लिएर आएका थिए ?
कुमार प्रताप सिंह: - अ त ! तलाई बिहेको प्रस्ताव राख्न आएको थियो ।
कोहिनुर:- तपाईले पहिले नै किन नभन्नु भएको ?
कुमार प्रताप सिंह: त्यसै ले त उ कोट पाईटमा लगाएर ठाटिएर आएको थियो! मुर्ख!
कोहिनुर: मेरो लागि प्रस्ताव? (कुर्सीमा लड्छे र रुन्छे।) (बच्चा जस्तो लडिबुडि खेल्दै।) उहाँलाई फिर्ता ल्याउनुहोस्! फिर्ता ल्याउनुहोस् न उहाँलाई !

कुमार प्रताप सिंह: कसलाई फिर्ता ल्याउनुहोस्!
कोहिनुर:- लौन्, छिटो ल्याउनुस् न, छिटो, म बेहोस् हुदैछु! उहाँलाई फिर्ता ल्याउनुहोस्! *(*उनी रुन थाल्छिन्।*)*
कुमार प्रताप सिंह: यो के हो? तलाई के भयो? *(*उसको हात उसको टाउकोमा*)* हेर मेरो दुर्भाग्य! म त् कसो गरम कहाँ गएर मरौ?? आफैलाई गोली हान्छु, म !
कोहिनुर:- म मर्दैछु! उहाँलाई फिर्ता ल्याउनुहोस्!
कुमार प्रताप सिंह: हे.... ! एक छिन पख ! बडबड नगर !
*(*उनी बाहिर हतारिन्छ*,* केन्द्र।*)*
कोहिनुर:- (रुँदै)। उहाँलाई फिर्ता ल्याउनुहोस्! उहाँलाई फिर्ता ल्याउनुहोस्!
कुमार प्रताप सिंह: *(*दौड्दै भित्र आउँछ*)* । ऊ.... आउँदैछ! कालले लानु नसकेको! त्यो सँग आफै कुरा गर, म चाही सक्दिन!
कोहिनुर: (रुँदै)। उहाँलाई फिर्ता ल्याइदिनुहोस्। बिन्ती छ!
कुमार प्रताप सिंह: । ऊ आउँदै छ, भनेत! " हे हरि ! हुर्किसकेकी छोरीको बाउ हुनु कति गारो हो!" म भिर बाट हामफाल्छु ! हामीले त्यो बाबु सँग झगडा गर्यौं, उसको अपमान गर्यौं, र उसलाई घरबाट बाहिर निकलेउ !— यो सबै तैले गरेर भयो, तैले!
कोहिनुर:- होइन, तपाईंले नै हो उसलाई तथानाम भन्नुहुने! निर्दयी बन्दिनु भयो! तपाईंले केही नभनेको भए, यो सबै हुन्थेन्, उहाँ जानू नै हुन्थेन्।
कुमार प्रताप सिंह: । ओ, हो, म दोषी! यदि मैले आफैलाई गोली हानेँ वा हाम फाले भने, सम्झनु कि त्यसको दोषी त होस् । (अमन जंग ढोकामा देखा पर्दछ।) आइपुग्यो। उहासँग आफै कुरा गर्नुहोस् ! *(*उनी बाहिर जान्छ।*)*
अमन जंग : (लखतराम भएर भित्र छिर्छ) कस्तो सारो गरी मुटु कामेको होला.... खुट्टै निदाए। छातीको देब्रे पाखो अझै पनि दुखी रहेछ।
कोहिनुर:- हामीलाई माफ गर्नुहोस्, हामी आवेगमा आएका थियौं, अमन जंग ज्यू,। मलाई बल्ल याद आयो - त्यो घाँसे मैदान सोह्रै आना तपाईंकै हो।
अमन जंग : मेरो मुटु अझै पनि कामीरहेको छ। आखाँ पनि कस्तो फर्फराएको ...(दुबै जना बस्छन) हामी दुबै जना गलत थियौ। खासमा त्यो जग्गा खासै ठुलो कुरा होईन, गलत चाहिँ नगरौ भन्ने कुरा हो।
कोहिनुर:- हजुर! हो तपाईं कै ठ्याक्कै, अरु कुरा गरौंन्।
अमन जंग : मसँग प्रमाणहरू छन् कि मेरी काकीको हजुरआमाले तिम्रो बुबाको हजुरबाको कामदारहरु लाई --
कोहिनुर:- भयो! भयो! पुग्यो। (दर्शकलाई) यस्तो कुरा कसरी सुरु गर्ने?, मैले त मिल्दैन्।(अमन जंगलाई) तपाईं आजभोलि कालिजको शिकार गर्न जानुभएको छैन्?
अमन जंग : अस्ति भर्खर गएको थियौ कोहिनुर। अब बालि भित्राएपछि फेरी जाने प्लान गर्दैछौं। तर तिम्लाईलाई थाहा छ, मेरो टाईसनले खुट्टा खोच्याउदै हिड्न थालेको छ नि।
कोहिनुर:- कठै बिचरा! त्यस्तो कसरी भयो?
अमन जंग : मलाई पनि थाहा भएन। सायद मर्केको होला, बा उसलाई कुनै अर्को

कुकुरले टोकेको पनि हुनसक्छ। (लामो सास फेर्दै) मेरो सबैभन्दा प्यारो कुकुर। ५ हजार तिरेर तिब्बतबाट मगाएको थिए मैले।
कोहिनुर:- त्यो त साह्रै धेरै भएन र? अमनजी
अमन जंग : का हुनु। कस्तो गज्जबको छ ! त्यो त अझ कम भए जस्तो लाग्छ।
कोहिनुर:- बुवाले हाम्रो सेरुलाई पन्ध्र सयमा किनेर ल्याउनु भएको, तपाईको त्यो टाइसन कि के जाती भन्दा त मेरो सेरु नै कति हो कति राम्रो छ!
अमन जंग : के रे के रे ! टाईसन भन्दा सेरु राम्रो छ रे। (हास्छ)
कोहिनुर:- हो त के रे नि! सेरु नै राम्रो छ । यहि सत्य हो कि सेरु भर्खरको जवान छ; ऊ अझै पूरै बढेको छैन, सात गाउँमा नै सेरु जत्तिको राम्रो अरू कुकुर अरु छैन।
अमन जंग : खासमा नि कोहिनुर, तिम्ले टाईसनलाई अलि कम सोचे जस्तो छ। सेरु त त्यसको अगाडि केहि पनि होईन। सेरुले त शिकार पनि गर्न सक्दैन र दौडन पनि सक्दैन।
कोहिनुर:a- दौडन पनि सक्दैन रे ? के सुन्दै छु मैले यो?
अमन जंग : हो त। उसका खुट्टाहरु साह्रै छोटा छन्, त्यसैले उ दौडन सक्दैन।
कोहिनुर:- हेर्नुस्, सर्वप्रथम, हाम्रो सेरु शुद्ध-नस्लको हो, तपाईंको कुकुरको एक त वंशावली पत्ता लगाउनै सकिन्न; कस्तो बुढो, कुरूप र साह्रै पातलो देखिन्छ।
अमन जंग : बुढो रे ! तिम्रो शेरु जस्तो ५ वटा कुकुर दिए पनि म तिनलाई टाईसनसँग साट्दिन। कुकुर भनेको त टाइसन जस्तो पो हुनुपर्छ। शेरु जस्तो कुकुरहरु त घर घरमा पाईन्छ। का टाईसनसँग दाजेको ?
कोहिनुर:- अमनजंग जी!, तपाईं आज म जे भन्छु, त्यसको ठ्याक्कै उल्टो किन भन्दै हुनुन्छ? पहिले हाम्रो घाँसे मैदान आफ्नो अरे! अहिले मेरो सेरु भन्दा टाइसन, फाइसन राम्रो रे! जब कसैले आफुले वास्तवमा सोचेको कुरा बोल्दैन नि, मलाई त्यो मन पर्दैन । मलाई राम्ररी थाहा छ, तपाईको मूर्ख टाइसन भन्दा सेरुनै सय गुणा राम्रो छ। के कुराले तपाईले टाइसनलाई राम्रो भन्नुहुन्छ?
अमन जंग : हेर कोहिनुर, के तिमीले मलाई मूर्ख ठान्यौ! तिमी जन्मिदा त मैले १० वटा भोटो फटाईसकेको थिए, धेरै फुर्ति नगर, तिम्लाई पनि राम्रोसँग थाहा छ कि शेरुका खुट्टा छोटा छन!
कोहिनुर:- ए! नाप्नु भाथ्यो तपाईंले?
अमन जंग : हो त, साह्रै छोटा छन!
कोहिनुर:- (चर्को स्वरमा) मेरो सेरु त्यो टाइसन, फाइसन भन्दा राम्रो छ।
अमन जंग : कोहिनुर किन यसरी चिच्याएको ?
कोहिनुर:- कसरी भयो र?, पत्याउनै नसकिने! त्यस्तो नि हुन्छ कतै?, त्यस्तो लुते कुकुरलाई शेरुसँग तुलना नगर्नुहोस्!
अमन जंग : माफ गर कोहिनुर तर म अब बकवास गर्न सक्दिन। ठूलो स्वरले कुरा गर्दा ह्याँ मेरो मुटु दुख्छ।आइय !
कोहिनुर:- धेरै कुरा के गर्ने,, शिकारीहरु शिकारको बारेमा भन्दा धेरै शिकारको गफ दिन्छन् भन्ने, मलाई थाह छ ।
अमन जंग : कोहिनुर कृपया चुपलाग, मेरो दाहिने खुट्टा काम्दै छ। मुटु दुख्दै छ।

(चिच्च्याउदै)
कोहिनुर:- मेरो सेरु राम्रो छ नभनेसम्म म शान्त हुन्न!
(कुमार प्रताप सिंहको प्रवेश हुन्छ।)
कुमार प्रताप सिंह: फेरि तिमीहरुको झगडा सुरु भयो?
कोहिनुर:- बुबा, अमन जीलाई भन्दिनुहोस् न! कुन कुकुर राम्रो हो, शेरु कि टाइसन?
अमन जंग : कुमार बा , भन्नुस त तपाईको कुकुरको खुट्टा छोटो छ कि छैन?
कुमार प्रताप सिंह: र यदि त्यसको खुट्टा छोटो भए पनि के हुन्छ? यो कुरा किन यति महत्त्वपूर्ण छ? हाम्रो देशमै शेरु भन्दा राम्रो कुकुर छैन।
अमन जंग: अनि मेरो टाईसन चाहिँ? साँचो भन्नुस् त!
कुमार प्रताप सिंह : यति फुरुङ्ग हुनु पर्दैन, अमन जंग! तपाईको टाईसन् पक्कै पनि राम्रो छ। ऊ राम्रो नस्लको हो, ... । तर यदि तपाईं साँच्चै जान्न चाहनुहुन्छ भने, त्यो कुकुरमा दुईवोटा कमजोरी छन्; ऊ बूढो छ र उसको खुट्टा लुलो छ।
अमन जंग : मलाई माफ गर्नु होला । मेरो छाती जोडले दुखी रहेको छ । सत्य कुरा गरौ न बरु, हामीले धुलिखेल सिकार गर्दाको कुरा बिर्सनुभयो ? मेरो कुकुर सारा आर्मीको कुकुर सँग दौडन्थ्यो तर तपाईको शेरु जावो यौटा बाँदरलाइ पनि खेद्न सक्दैनथ्यो।
कुमार प्रताप सिंह: उ पछाडि थियो किनभने हर्कले उसलाई हिर्काएको थियो।
अमन जंग: अरु सारा कुकुर मृगको पछाडि दौडि रहेको थिए अनि शेरुचाहिँ बाँदरको।
कुमार प्रताप सिंह: त्यस्तो होइन!—म सेरुको बारेमा नराम्रो सुन्नु सक्दिन र यो गन्थन बन्द गर्नुस् । हर्केले सेरुलाई झाट्टी हानेर प्रहार गर्यो किनभने सबैले राम्रो कुकुरलाई ईर्ष्याले हेर्छन्। अनि तपाईपनि उही डयांगको त होनी । खोज्नु भयो भने पनि सेरु भन्दा राम्रो कुकुर भेट्नु हुन्न ।
अमन जंग: मलाई पनि याद छ !
कुमार प्रताप सिंह: (उसको नक्कल गर्दै)। मलाई पनि याद छ! के याद छ?
अमन जंग : पल्पिटेसन! मेरो खुट्टा काम्दै छ - म सक्दिन -
कोहिनुर:- पल्पिटेसन! तपाईं कसरी शिकारी हुनुभयो? घरमा बसेर चुलो छेउमा तरकारी र आलुको बोक्रासँग कुस्ती खेले हुन्छ बरु! पल्पिटेसन!
कुमार प्रताप सिंह: अनि तिमी कस्तो शिकारी हौ? तिमी जस्तो रोग भएको मानिस घरमा बस्नु पर्छ र बाहिर यताउता हिड्नु हुँदैन। तिमी शिकारी भाको भए पो! तिमी त अरू मानिसहरूका कुकुरहरूको बारेमा पत्ता लगाउन र सबैलाई समस्या दिनका लागि घुमी हिडछौ । म अब अरु केहि सुन्न सक्दिन! यो गन्थन छोडौं। कुरा यति होकी तिमी शिकारी हैन ।
अमन जंग : अनि तपाई, शिकारी हो त ? अरुलाई देखाउनको लागि मात्रै घोडा चडेर हिड्नु हुन्छ। दलाल र ठग हो तपाई।
कुमार प्रताप सिंह: चुप लग्नु होस् तपाई (कराउदै) !
अमन जंग : ठग, दलाल !
कुमार प्रताप सिंह: भुरा! डुलुवा! बिरामीको पोका !
अमन जंग : मर्न नसकेको बुढा। तिमी त बौलाहा हो। बौलाहा !

कुमार प्रताप सिंह: चुपलाग ! नत्र म तलाई गोली हानने छु—मेरो बिग्रेको बन्दुकले, घैटा जस्तै फुटाई दिन्छु ! मूर्ख! लोफर!
अमन जंग : सबैलाई थाहा छ - ऐया!, मेरो मुटु! - कि तिम्लाई तिम्रो बुढिले पिट्ने गर्थिन। मेरो खुट्टै चलेन। कन्चटमा स्वला हानिरहेछ। - म मर्न लागे - म -
कुमार प्रताप सिंह : र तिम्री घरकी नोकर्नीको चर्तिकला सबैलाई थाछ।
अमन जंग : अईया अईया – मेरो मुटु फुट्ला जस्तो छ ! मेरा खूट्टाहरु निदाए। आखाँ पनि धमिला हुदैछन।(कुर्चीमा ढल्छ) डाक्टर! डाक्टर! (बेहोस हुन्छ)
कुमार प्रताप सिंह : मूर्ख! आधा उसिनेको आलु।
कोहिनुर:- घोडाचढ्न नजान्ने पनि शिकारी रे! ,,,बुवा, उहाँलाई के भयो? (उनी चिच्याउछिन्।) अमन जंग जी! लौन मरे क्या!
अमन जंग : मलाई सास फेर्न गार्हो भयो। अईया !
कोहिनुर:- हे, माईथानकि देवी! मरे क्या अमन जी! (उनी कुर्सीनेर गएर अमन जंगलाई झक्झकाउँछिन् ।) अमनजंग,, जी! हामीले के गर्यौं! उहाँ खुस्केक्या! मरिसके! (उनी कुर्सीमा बस्छिन्।) अस्पताल - डाक्टर,डाक्टर! (उनी बेहोस् हुदै जान्छिन् ।)
कुमार प्रताप सिंह: ह.! यो के भयो ? तिमिलाई के भयो?
कोहिनुर:- (रुँदै) लौन मरे कि जिउदै छन् ?
कुमार प्रताप सिंह: को मर्यो? को? (अमन जंग लाई हेर्दै) ह, हैन मर्यो कि क्या हो ? भगवान! पानी! डाक्टर! (अमन जंग को ओठमा गिलास समातेर) पानी पिउ! ! लौ मरेजस्तो छ! हैन यो के आइलाग्यो ? किन मैले आफैलाई गोली हानिन? यो पालिको केटो पनि मर्यो ? म बाचेको यही दिनदेख्नु लाई हो ! मलाई कसैले छुरी देउ! मलाई मेरो बन्दुक देउ ! (अमन जंग चलमलाउ छ।) ऊ.... चलमलायो ! चलमलायो ! पानी पिउनुहोस् -पानि!
अमन जंग : म कहाँ छु?
कुमार प्रताप सिंह: लु मैले सबै बिर्से ! मेरी छोरी तपाईसँग बिहे गर्न राजी छे ! अब ढिला नगरौ म पण्डितलाई बोलाउछु लगन जुराइहालौ !
अमन जंग : के-रे ? बिहे? को सँग ?
कुमार प्रताप सिंह: (अमन जंग र कोहिनुर को हात मिलाउँछ।) लौ! मेरी छोरी तपाई कि हुने भइ।
कोहिनुर : हो, हो, म हजुर सँग बिहे गर्न तयार छु!
कुमार प्रताप सिंह: लु यो औठी लगाई दे , ज्वाई साब लाई !
अमन जंग : ह ? कसलाई ? (कोहिनुर औठी लिएर उभेको देख्छ) के भैराछ ह्याँ ? के को लागी हो? ए मैले साम्झे। ऐ.... हे..... । म पनि तयार छु ससुरा बा – मेरो खुट्टा निदायो!
(कोहिनुर र अमन जंग औठी साट छन्।)
कुमार प्रताप सिंह: लु म पनि अब स्वर्ग जाने भए!
कोहिनुर:- अब त कम्तिमा स्वीकार गर्नुहोस् न कि टाइसन भन्दा सेरु राम्रो छ!
अमन जंग : होईन टाईसन राम्रो छ।

कोहिनुरः- रााम्रो छैन्।
कुमार प्रताप सिंहः ल अब तिमीहरु घरसल्लाह सुरु भयो ! पण्डित जी!
अमन जंग : राम्रो छ !
कोहिनुरः- गतिलो छैन्, अगतिलो छ।
कुमार प्रताप सिंहः पण्डित जी! पण्डित जी!

आन्तोन चेखबको नाटक “दी म्यारिज प्रपोजल”

नेपाली अनुवाद/ नाट्य रुपान्तरण : आरति गौतम, मिलन खड्का, सुमित्रा बोगटि